राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १६३ ॥ २०८१ श्रावण ०८ गते मंगलबार (23rd Jul 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा प्रदेश सरकारले पठाएको ८७ करोड रकम फ्रिज

• **द्रोण अधिकारी**

भद्रपुर । कोशी प्रदेश सरकारमार्फत आर्थिक वर्ष २०८०/०८१ मा झापामा आएको विकास रकममध्ये २० प्रतिशत खर्च हुन नसकेर फिर्ता भएको छ।

प्रदेश सरकारबाट चालुतर्फ १ अर्व ४१ करोड १७ लाख ९२ हजार २०० तथा पूँजीगततर्फ ३ अर्व १७ करोड ४० लाख ११ हजार गरी ४ अर्व ५८ करोड ५८ लाख ३ हजार २ सय रकम झापामा आएकोमा ३ अर्व ७० करोड ७७ लाख ६५ हजार ६६४.५२ पैसा मात्र खर्च भएको हो। जसबाट ८७ करोड ८० लाख ३७ हजार ५३६ रुपैयाँ फिर्ता भएको हो।

चालुतर्फ १ अर्व १६ करोड ८८ लाख ४६ हजार ६५६ रूपैंया ३६ पैसा खर्च भएको छ भने पूँजीगततर्फ २ अर्व ५३ करोड ८९ लाख १९ हजार ८ रूपैया ३६ पैसा खर्च भएको प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय झापाका प्रमुख कुलप्रसाद गुरागाईले जानकारी दिए।

प्रारम्भिक विवरण अनुसार झापामा सवैभन्दा धेरै पूर्वाधार विकास कार्यालयले २ अर्व १४ करोड ७६ लाख ५० हजार बजेट प्राप्त गरेकोमा १ अर्व ५७ करोड ७० लाख ६८ हजार ६०७.४४ मात्र खर्च गर्न सफल भएको देखिन्छ।



झापाका १५ वटा स्थानीय तहलाई ५६ करोड ६७ लाख ५४ हजार बजेट आएकोमा ६ करोड ५ लाख ४ हजार ९१५.६० रूपैया खर्च नभई फिर्ता गएको देखिन्छ। सवै पालिकाले खर्च विवरण पठाइनसकेका कारण यो रकम अझ बढ्न सक्ने प्रमुख गुरागाईले जानकारी दिए। दोस्रो धेरै बजेट पाउने खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापाले ५२ करोड १२ लाख ७४ हजार बजेट पाएकोमा ५१ करोड १४ लाख ७ हजार ४२३.३७ पैसा मात्र खर्च गर्न सफल भएको छ।

तेस्रो धेरै बजेट जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय झापाले ३४ करोड ६ लाख ४३ हजार रकम पाएकोमा ३० करोड ८० लाख ६९ हजार ७८५.३६ पैसा मात्र खर्च गर्न सफल देखिन्छ।

चौथो धेरै बजेट मेची प्रादेशिक अस्पताल भद्रपुरले २१ करोड ६८ लाख ९९ हजार बजेट पाएकोमा १६ करोड ७० लाख ४९ हजार ५९८.७६ पैसा मात्र खर्च गरेको छ।

पाँचौं धेरै बजेट कन्काई सिंचाई व्यवस्थापन कार्यालयले ११ करोड ९७ लाख ४४ हजार रकम पाएकोमा ११ करोड ३९ लाख ६१ हजार ५७९.४५ रकम मात्र खर्च गरेको देखिन्छ।

झापामा २६ वटा कार्यालयमा प्रदेश सरकारमार्फत बजेट आएकोमा कुनै पनि कार्यालयले शतप्रतिशत खर्च गर्न सकेनन्।

## डि कौडिन्य पत्रकारिता पुरस्कार रेग्मी र लामालाई



बिर्तामोड(प्रस) । यस वर्षको डि कौडिन्य पत्रकारिता पुरस्कार झापाका पत्रकारद्वय झुलन रेग्मी र डिकेश लामालाई संयुक्त रुपमा प्रदान गरिएको छ।बिर्तामोडमा सोमवार आयोजित एक कार्यक्रमका बीच रेग्मी र लामालाई नगदसहित डि कौडिन्य पत्रकारिता पुरस्कार प्रदान गरिएको हो। पुरस्कारको राशि २१ हजार रुपैयाँ रहेको छ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका पूर्वआर्थिक मामिला तथा योजनामन्त्री इन्द्र आङबो, प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष विवेक गौतम, कौडिन्यकी पत्नी यमुना आचार्यलगायतले पुरस्कार वितरण गरे।

जनपक्षीय पत्रकार देवकुमार आचार्य (डि कौडिन्य) को स्मृतिमा प्रेस सेन्टर नेपाल झापाले सो पुरस्कार स्थापना गरेको हो।

रेग्मी मेचीखबर साप्ताहिकका प्रधान सम्पादक तथा प्रेस सेन्टर झापाका निवर्तमान अध्यक्ष हुन्। लामा नेपाल टेलिभिजनका झापा सम्वाददाता, प्रेस सेन्टर कोशी प्रदेशका सदस्य एवम् पत्रकार महासंघ झापा शाखाका सचिव हुन्।

प्रेस सेन्टर झापाका अध्यक्ष राजु पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि आङबोले पुरस्कृत पत्रकारलाई शुभकामना दिएका थिए। प्रेस सेन्टरका उपाध्यक्ष होमप्रकाश अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सेन्टरका सचिव पुष्प खड्काले गरेका थिए।

## झापाका शिवालयमा भक्तजनको भीड

• **विनोद सापकोटा**

झापा । साउनको पहिलो सोमबार झापाका शिवालयमा जल जढाउने तिर्थालुको घुइँचो थियो। जिल्लाको मौसम अनुकूल बनेपछि अघिल्ला बर्षको तुलनामा यो वर्ष



शिवालयमा जल चढाउने र बोलबम जाने तिर्थालुको संख्या बढेको हो। गत वर्ष साउनको पहिलो साता मुसलधारे वर्षा भएका कारण बोलबम निकै प्रभावित बनेको थियो। झापाको अर्जुनधारा जलेश्वरधाम ,सताक्षीधाम, चिल्लागढ, , दमकको पशुपति मन्दिर, सताक्षीधामको द्वादशज्योर्तिलिङ, कचनकवलको भुतेश्वर महादेव मन्दिरमा जल चढाउने भक्तजनको भीड लागेको सम्बद्ध शिवालय तथा धाम विकास समितिले जनाएका छन्।

साउनको पहिलो सोमबार अर्जुनधारा जलेश्वरधाममा भक्तजनहरूको भीडभाड देखियो। धाम समितिले भक्तजनहरूको सुविधाका लागि विभिन्न व्यवस्थाहरू मिलाएको थियो।

धाम समितिले छिटो दर्शन गर्न चाहनेहरुका लागि रु. ५०० को टिकटको व्यवस्था गरेको थियो। यो व्यवस्थाप्रति धेरैले गुनासो गरेका छन्। भक्तजनहरूका अनुसार धार्मिक स्थलमा यस प्रकारको शुल्क लिने प्रचलन उचित होइन। साउन महिना विशेषगरी शिवको पूजा आराधनाका लागि महत्वपूर्ण मानिन्छ। विशेषगरी सोमबार शिवालयहरूमा भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ। अर्जुनधारा जलेश्वरधाममा टाढा टाढाबाट भक्तजनहरु दर्शन गर्न आउने गर्छन्।

साउनको पहिलो सोमबार सताक्षीधाम मन्दिरमा करिव ५ हजार सर्वसाधारणले दिगम्बेश्वर शिवालयमा जल चढाएको सताक्षीधाम धार्मिक मन्दिर तथा पर्यटकीय

❖ **बाँकी अन्तिम पृष्ठमा**

## बंगलादेशबाट अझै फर्किंदै नेपाली विद्यार्थी
## सोमवार ११४ जना फर्किए

मेचीनगर(प्रस)। बंगलादेशको सर्वोच्च अदालतले सरकारी जागिरका अधिकांश आरक्षण प्रणालीलाई खारेज गरिसकेपनि आन्दोलन जारी रहेका कारण नेपाली विद्यार्थीहरु स्वदेश फर्किने क्रम रोकिएको छैन। पूर्वी नाका काँकडभिट्टा हुँदै सोमवार पनि नेपाली विद्यार्थीहरु स्वदेश फर्किएका छन्। सोमवार



बिहानदेखि साँझसम्म काँकडभिट्टा नाका हुँदै ११४ जना नेपाली विद्यार्थीहरु फर्किएको अध्यागमन कार्यालय काँकडभिट्टाले जनाएको छ। त्यहाँको सर्वोच्च अदालतले आरक्षण प्रणाली खारेज गरेपनि आन्दोलन नरोकिएकाले असुरक्षा महसुस गरी नेपाली विद्यार्थीहरु फर्किरहेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख मोहन पनेरुले बताए। आइतवारसम्म काँकडभिट्टा नाका हुँदै ८२३ जना विद्यार्थी स्वदेश फर्किएका थिए। आइतवार एकैदिन ३०५ जना फर्किएको अध्यागमन कार्यालय काँकडभिट्टाले जनाएको छ।

बंगलादेशमा सरकारी आरक्षण कोटाको विरोधमा भएको आन्दोलन थप हिंसात्मक बन्दै गएपछि आइतवारसम्म १२ सयभन्दा बढी विद्यार्थी स्वदेश फर्किएका छन्। परराष्ट्र मन्त्रालयका अनुसार बंगलादेशमा रहेका नेपाली विद्यार्थीको संख्या तीन हजार हो।

तीमध्ये शनिबारसम्म आठ सय र आइतबार चार सय २० गरी १२ सय २० जना स्वदेश फर्किएका छन्। आइतबार विमान बंगलादेश र हिमालय एयरलाइन्समार्फत एक सय २० र काँकडभिट्टा हुँदै तीन सय पाँचजना फर्किएका हुन्।

बंगलादेशको स्वतन्त्रता आन्दोलनमा सहभागी व्यक्तिका सन्तानलाई सरकारी सेवामा गरिएको विशेष आरक्षणको विरोधमा विश्वविद्यालय र क्याम्पसका विद्यार्थीले सुरु गरेको प्रदर्शनमा एक सय ४७ जनाले ज्यान गुमाइसकेको अन्तर्राष्ट्रिय संचारमाध्यमले जनाएका छन्। बंगलादेशका विभिन्न भागमा भएका प्रदर्शनमा सयौं जना घाइते भएका छन्।

## करेन्ट लगाएर माछा मार्दा मृत्यु



झापा(प्रस)। माछा मार्ने क्रममा करेन्ट लागेर झापाको दमकमा एकजनाको मृत्यु भएको छ। इलाम सूर्योदय नगरपालिका वडा नं.१३ लक्ष्मीपुर घर भई हाल दमक नगरपालिका वडा नं.-३ धिमाल टोलका तेजबहादुर धिमालको घरमा बस्दै आएका १९ वर्षीय मौसम राईको करेन्ट लागेर मृत्यु भएको हो। सोमवार दिउँसो २ बजेको समयमा घरदेखि अन्दाजी ३० मिटर पश्चिमपट्टि रहेको खोल्सीमा घरबाट बिजुलीको तार जोडी करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेर राई घाइते भएका थिए। उनलाई उपचारको लागि दमक आम्दा अस्पताल लगिएकोमा उपचारका क्रममा दिउँसो ३:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।सम्पूर्ण कानुनी प्रक्रियाको लागि इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी निरीक्षकको टोली खटिएको साथै सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको डीएसपी कृष्णकुमार चन्दले बताए।




# बिर्तामोडमा खुल्यो तरकारी बिक्री केन्द्र

बिर्तामोड(प्रस)। बिर्तामोड नगरपालिकाले 'पारीको होइन बारीको खाऊँ' भन्ने मुख्य नाराकासाथ सञ्चालनमा ल्याएको सामुदायिक तरकारी बिक्री केन्द्रको उद्घाटन गरिएको छ।

सोमबार एक कार्यक्रमको आयोजना गर्दै वडा नम्बर ५ स्थित तमुटोलमा सुरु गरिएको तमुटोल सामुदायिक तरकारी बिक्री केन्द्रको औपचारिक उद्घाटन गरिएको हो। कार्यक्रमकी प्रमुख अतिथि नगरकी कार्यवाहक नगर प्रमुख सिता ढुंगानाले बिक्री केन्द्रको उद्घाटन गरिन्।

नगरपालिकाले ५ वटा तरकारी बिक्री केन्द्र, ४ वटा संकलन तथा बिक्री केन्द्र र एउटा मुख्य संकलन तथा बिक्री केन्द्र स्थापना गरेको छ। वडा नम्बर १ मा अतिथि सदन, वडा नम्बर ३ मा बिर्ताबजार, वडा नम्बर ४ मा सुलभ टोल, वडा नम्बर ५ मा तमुटोल र पाथिभरा बालाजी सामुदायिक तरकारी बिक्री केन्द्र स्थापना गरिएको छ।



यस्तै बुट्टाबारी, गरामनी, चारपाने र सैनिकबजारमा संकलन तथा बिक्री केन्द्र र कृषिथोक बजारमा मुख्य संकलन तथा बिक्री केन्द्र स्थापना गरिएको छ। नगरका कृषि शाखा प्रमुख राजेन्द्र कडरियाले स्थानीय कृषिजन्य वस्तुको बजारीकरण, विषादी न्यूनीकरण र अन्य कृषि बजारको तुलनामा सुलभ मूल्य नै तरकारी बिक्री तथा संकलन केन्द्रको विशेषता रहेको जानकारी दिए। उनले स्थानीय कृषकले उत्पादन गरेका सबै प्रकारका तरकारी तोकिएका संकलन केन्द्रबाट मात्रै खरिद गरिने बताए। बिक्री केन्द्रमा पुर्याउनुभन्दा अघि तरकारीमा विषादी मापन गरिनेछ। विषादीरहित खानयोग्य तरकारीमात्रै बिक्री गरिने कृषि शाखाले जनाएको छ।

बिर्तामोड नगरपालिकाले गत आर्थिक वर्षको योजना अनुसार तरकारी बजार व्यवस्थापन कार्यक्रम अघि बढाएको हो। बिर्तामोडमा १ सय १७ जना व्यवसायिक तरकारी कृषक रहेका छन्।

# पुष्पलालको स्मृति दिवसमा विविध कार्यक्रम



मेचीनगर(प्रस) । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठको ४६ औं स्मृति दिवस सोमवार झापाको मेचीनगर-६ काँकरभिट्टास्थित वीपी पुष्पलाल बाटिकामा विविध कार्यक्रम गरी मनाइएको छ । नेकपा एमाले मेचीनगर कमिटीले पुष्पलालको जीवनीबारे अन्तरक्रिया, बृक्षरोपण र रक्तदान कार्यक्रम गरी स्मृति दिवस मनाएको हो । वीपी पुष्पलाल बाटिकामा रहेको पुष्पलालको पूर्णकदको शालिकमा माल्यार्पण गरेर कार्यक्रम सुरु गरिएको थियो । सोही स्थानमा रहेको नेपाली काँग्रेसका संस्थापक नेता वीपी कोइरालाको शालिकमा समेत माल्यार्पण गरिएको थियो । पार्टीकी केन्द्रीय सदस्य तथा मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखेल उप्रेतीको प्रमुख आतिथ्य तथा नगर कमिटी अध्यक्ष राजु कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सल्लाहकार परिषद सदस्य विष्णु प्रसाई, मेचीनगरका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, कोशी प्रदेश सभाका पूर्वसांसद् श्रीप्रसाद मैनाली, नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्य देबकुमार राईलगायतको उपस्थिति रहेको थियो ।नगर सचिव सागर ओलीले कार्यक्रम सञ्चालन गरेका थिए । प्रमुख अतिथि केन्द्रीय सदस्य उप्रेतीले पुष्पलालले राजनीतिक जीवन नेपाली राष्ट्रिय काँग्रेसबाट शुरु गरेपनि पछि कांग्रेसमा किचलो बढ्दै गएपछि कम्युनिष्ट आन्दोलनतर्फ लागेको बताइन् । पार्टीका झापा जिल्ला कमिटी अध्यक्ष प्रेम गिरीले पुष्पलालको जीवनीमाथि प्रकाश पार्दै नेपाली बाम प्रजातान्त्रिक आन्दोलनमा स्वर्गीय पुष्पलालको योगदान उच्च रहेको स्पष्ट पारे

। पुष्पलाल स्मृति दिवसकै अवसर पारेर अनेरास्ववियू मेचीनगरले मेची सामुदायिक भवनमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । जहाँ २५ जनाले रक्तदान गरेका थिए । बाटिका परिसरमा बृक्षरोपणसमेत गरिएको जनाइएको छ ।

# एमालेले चिल्लागढमा बिरुवा रोप्यो



शिवसताक्षी(प्रस) । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४६औं स्मृति दिवसका अवसरमा झापाको सताक्षीधाममा बृक्षरोपण गरिएको छ ।

नेकपा (एमाले) शिवसताक्षी नगर कमिटीको आयोजनामा पौराणिक कथासँग जोडिएको धार्मिक तथा पर्यटकीय ऐतिहासिक स्थल चिल्लागढ पोखरी धाम परिसरमा बिरुवा रोपिएको हो ।

नेकपा एमाले शिवसताक्षी नगर कमिटीका अनुसार विभिन्न प्रजातिका फूल तथा छाँयादार रुखका करिब २०० बिरुवा रोपिएको हो।

नेकपा एमाले शिवसताक्षी नगर कमिटीका अध्यक्ष मेंदनी दंगालका अनुसार पार्टीले बृक्षरोपणसँगै यसको संरक्षण पनि गर्ने छ । ' कतिपय ठाउँमा वृक्षरोपण हुन्छ तर त्यसको संरक्षणमा चुनौती देखिन्छ,' नेकपा एमालेका शिवसताक्षी नगर अध्यक्ष दंगालले भने, 'नेकपा एमालेले रोपेको बिरुवाको संरक्षण पार्टीले नै गर्छ।' कार्यक्रमका वक्ताले कम्युनिष्ट पार्टी निर्माणमा पुष्पलाल श्रेष्ठले गरेको योगदानको चर्चा गरे । श्रेष्ठ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव हुन् । नेपाल कम्युनिस्ट पार्टीको स्थापना र आन्दोलनमा श्रेष्ठको भूमिका अतुलनीय रहेको नेकपा एमाले वडा नम्बर ९ का अध्यक्ष लोकनाथ खनालले बताए ।

नेकपा एमालेका नगर अध्यक्ष मेदानी दंगालको अध्यक्षतामा भएको कार्यक्रम प्रदेश कमिटी सदस्य भरत इन्दिरा बस्नेतको प्रमुख आतिथ्यता रहेको थियो। पार्टीका जिल्ला सदस्य धनबहादुर थेवे ,मेगाहाङ थोप्रालगायतको उपस्थिति थियो।

बृक्षरोपण कार्यक्रममा हर्रो, अमला, बेलपत्र, गुलमोहर, आँप, अम्बालगायतका बिरुवा रोपिएका हुन् । वडा कमिटी अध्यक्ष खनालले कम्युनिष्ट आन्दोलनका संस्थापक नेताको सम्झनामा बृक्षरोपण तथा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको बताए । कार्यक्रमको संयोजन पनि वडा कमिटीले नै गरेको थियो।

# लागूऔषध भित्र्याउन खोज्ने दुई भारतीय पक्राउ

झापा(प्रस)। भारतबाट लागूऔषध भित्र्याउन खोज्ने दुई भारतीय कारोबारी पक्राउ परेका छन् । सोमवार दिउँसो ३.३० बजे झापाको मेचीनगर ६ स्थित काँकरभिट्टा बसपार्कमा लागूऔषध नियन्त्रण व्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले दार्जिलिङ खोरीबारी थाना बस्ने २२ वर्षीय अब्बास राजग्र र सोही ठाउँ बस्ने २२ वर्षकै मफिजुद्दिन अन्सारीलाई लागूऔषधसहित पक्राउ गरेको हो । उनीहरुको साथबाट प्लास्टिकबाहेक १० ग्राम ७४० मिलिग्राम ब्राउनसुगर फेला परेको छ । दुवैजनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# लागूऔषधसहित एकजना पक्राउ

झापा(प्रस) । मोरङको विराटनगर महानगरपालिका-१५ स्थित एक नम्बर ढाँटबाट लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुनसरी इटहरी उपमहानगरपालिका-१० खनारका ३० बर्षीय सुरेन्द्रकुमार बिश्वास रहेका छन् । सोमवार दिउँसो २ बजे लागूऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले उनलाई लागूऔषध नाइट्राजापाम लेखिएको ५० चक्कीसहित पक्राउ गरिएको हो । पक्राउ परेका बिश्वासलाई इलाका प्रहरी कार्यालय रानीमा राखी थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## झापाका...

विकास संस्थाले जनाएको छ । समितिका सचिव कालीप्रसाद रिजालका अनुसार साउनको पहिलो सोमबार ५ हजार धर्मावलम्बीले शिवालयमा जल चढाएर मनोकांक्षा पुरा गरे । उनका अनुसार एकैदिन २६ हजार रुपैयाँ भेटी संकलन भएको छ । यो भेटी विगतका साउन महिनाको पहिलो सोमबारको तुलनामा तेब्बर हो ।

यस्तै चिल्लागढ धाममा पनि जल चढाउने भक्तजनको घुइँचो थियो । मन्दिर विकास समितिका अध्यक्ष पण्डित दिनानाथ खतिवडाका अनुसार १ हजार ५ सय हाराहारीमा भक्तजनले चिल्लागढधामको शिवालयमा जल चढाए । शिवसताक्षी नगरकै अर्को दोमुखामा रहेको शिवालयमा ५ हजारको संख्यामा सर्वसाधारणले जल चढाएका थिए ।

यता गोलोक गोवर्द्धन गौशालाको द्वादश ज्योतिर्लिङ्गमा बोलबम धार्मिक यात्रामा आउने सर्वसाधारणको अर्को घुइँचो थियो । गौशालाका अनुसार करिव ७ हजार सर्वसाधारणले द्वादश ज्योतिर्लिङ्गको परिक्रमा गरि जल अर्पण गरे । उनीहरुले विधिवत ज्योतिर्लिङ्गको पूजा आराधानासहित महाआरतीसमेत गरेका थिए । द्वादश ज्योतिर्लिङ्गमा एकैदिन १ लाख ९ हजार रुपैयाँ भेटी संकलन भएको गौशालाले जनाएको छ ।

गोलोक गोवर्द्धन गौशाला परिसरको पशुपतिनाथ द्वादश ज्योतिर्लिङ्गमा जल चढाउको घुइँचो सोमबार मध्यान्हसम्म देखिएको थियो । श्रद्धालुले कनकाई नदी, सताक्षी नदी, घर नजिकका ताल तलाउबाट जल ल्याएर द्वादश ज्योतिर्लिङ्गमा अर्पण गरेका थिए । सोमबार शिवका शक्तिपीठमा भक्तजनको भीड देखिएको गोलोक गोवर्द्धन गौशालाका अध्यक्ष नन्दकिशोर भारद्वाजले बताए । पुरुष गेरु बस्त्र र महिला रातो, हरियो रंगको बस्त्रमा आएर शिवालयमा पूजा आराधना गरेको गौशालाले जनाएको छ । झापासहित मोरङ, सुनसरी, इलामलगायतका स्थानबाट भक्तजन आएको गौशालाले जनाएको छ ।

गौशालाका अनुसार कोराना महामारीपछि साउनको पहिलो सोमबारमै पहिलो पटक सबैभन्दा बढी भीड लाग्यो । आउँदो साता भक्तजनको भीड द्वादश ज्योतिर्लिङ्गमा अझ बढी देखिने छ । गोलोक गोवर्द्धन गौशाला स्थापना भएपछि बोलबम गएर श्रावणी पर्व मनाउने श्रद्धालु भक्तजनको संख्या सताक्षीधाममा बर्षेनि बढ्दै गएको छ । गौशाला १० वर्ष अघिमात्र स्थापना भएको हो । यो गौशालाले करिव तीन हजार गाईको संरक्षण गरेको छ ।

साउने सोमबार भगवान शिवको प्रिय महिना र वार मानिने हुँदा शिवजीको उपासना गरी नजिकको पवित्र नदी, कुण्ड तथा तलाउबाट ल्याएको जल शिवलिङ्गमा चढाउँदा मनोकांक्षा पूरा हुने भक्तजनमा धार्मिक विश्वास रहेको छ ।

## विमालेख हरायो

**बिर्तामोड २ निवासी सरस्वती दाहालको नाममा रहेको निम्न व्यहोराको लाइफ इन्स्योरेस कम्पनीको पोलेसी पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।**

**नाम :- सरस्वती दाहाल**
**ठेगाना :- बिर्तामोड न.पा. - २, झापा**
**पोलेसी नं. :- २०००११४५२**
**कम्पनी :-लाईफ इन्स्योरेन्स क. नेपाल**




## तपसिलमा उल्लेखित ऋणीको धितो रहेकोचल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८१/०४/ ०७

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो३५दिने सूचना प्रकाशित गरिएको छ । **यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन** । कथम्कदाचित सो धितोबाट कर्जा अलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालो सूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । **साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।**

तपसिल

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | कर्जा शिर्षक | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालय:शिवगंञ्ज** | | | |
| १ | **ऋणी/धितो जमानीकर्ता:** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग अर्न्तगत घरेलु तथा सना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. १ स्थित **श्री स्वर्ण लक्ष्मी ज्वेलर्सका** तर्फबाट ऐ. फर्मका प्रोप्राईटर मानबिर लाम्गादेको नाती, बिर्ख बहादुर लाम्गादेको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सोहि स्थानमा बस्ने, मिति २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४१०३३/९४६ भएको वर्ष ३२ को **दिपेश लाम्गादे ।**<br>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम : ममता विश्वकर्मा लाम्गादे<br>बाबु : टेक बहादुर विश्वकर्मा<br>पति : दिपेश लाम्गादे<br>ना.प्र.नं :- ०४-०२-७५-०१८५४(झापा)<br>ठेगाना :झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ६ बस्ने । | **चलुपुजी कर्जा, व्यक्तिगत ओ.डि. कर्जा**<br><br>**डिमान्ड कर्जा र व्यवसायिक आवधीक कर्जा** | दिपेश लाम्गादेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंञ गा.वि.स. वडा नं. १ स्थित कि.नं.१२१५ को क्षेत्रफल ०-०-१०(९९८.९६ ब.फी. को घर समेत) साथै भूमिसुधार तथा मालपोत कार्यालय भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ५८५६,५८५५ र ५८५७ को क्षेत्रफल क्रमश: ०-२-०, ०-१-० र ०-४-१० (बि.क.धु) र भूमिसुधार तथा मालपोत कार्यालय भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वाड नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमश: १४७०.५५ र २३६५.५५ (ब.मि.) भएको जग्गा र सो उल्लेखित घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**शर्तहरु:-**

१) बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फाटोकपी गरिएको फारम मान्य हुने छैन ।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७) बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
८) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बालबालिकालाई व्यावहारिक बनाऔं

जानकारहरूका भनाइमा बालबालिकामा मोबाइलको लत अहिले विश्वव्यापी समस्याका रूपमा देखिएको छ।

यद्यपि त्यो बालबालिसँग मात्र जोडिएको नभई अभिभावकको आनीबानीसँग पनि सम्बन्धित रहेको छ। बालबालिकामा हुने मोबाइलको लत भनेको उनीहरूले मोबाइल धेरै चलाउनु मात्र होइन । मोबाइलको लत मोबाइल धेरै चलाएर मात्र नभई 'सामाजिक चिन्ता'का कारण पनि हुन सक्छ।

त्यस्तै अटिजम भएका बालबालिकामा अधिक मोबाइल चलाउने लतका कारण त्यसका गम्भीर लक्षणहरू देखा परेको पनि आफ्नै एउटा अध्ययनले देखाएको छ ।

विशेष गरी बालबालिकामा मोबाइलको अति लतका कारण डिप्रेसनको समस्या देखिने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि सूचना जारी गर्दै बालबालिकालाई मोबाइलको अभिभावकलाई लत नलगाउन सुझाव दिँदै आएको छ।हालै मन्त्रालयले जारी गरेको सूचनामा पनि मोबाइलको लतले बालबालिकाको सर्वाङ्गीण विकासमा असर पर्ने जनाइएको छ। साना बालबालिका हरेक कुरामा अभिभावकसँग निर्भर हुन्छन् । तर, १२ वर्ष पुगेपछि बालबालिकालाई केही कुरा अभिभावकले सिकाउनुपर्छ । जसकारण उनीहरू आत्मविश्वासी र आत्मनिर्भर बन्छन् । बच्चालाई व्यवस्थित बन्न सिकाउनुपर्छ । उनीहरूलाई आफ्नो कोठा, कपडा र आफ्ना सामान मिलाएर राख्न सिकाउनुपर्छ । यस्तो स्वभावले उनीहरूलाई संयोजित बन्न सिकाउँछ र आफ्नो सामान कहाँ राखिएको छ भनेर पनि उनीहरूले सहजै पत्ता लगाउन सक्छन् ।

कपडाको जतन गर्न सिकाउनुपर्छ । फोहोर कपडा धुने, सुकाउने, आइरन गरिएका कपडालाई सम्हालेर राख्न सिकाउनुपर्छ । बच्चामा सफा कपडा मात्रै लगाउने बानीको विकास हुन्छ । यस्ता गतिविधिले उसको व्यक्तित्व सकारात्मक बनाउँदै लैजान्छ ।

दैनिक प्रयोग हुने सामग्रीहरू पाउरोटी, दुध, कापी–कलम आदि किन्दा उनीहरूलाई पनि लैजानुपर्छ । व्यावहारिक जीवनमा प्रयोग हुने सामग्रीका विषयमा जानकार गराउनुपर्छ । बिस्तारै एक्लै यस्ता सामग्री किन्न जान पनि उनीहरूलाई आत्मविश्वास आउँछ । १२ वर्ष पुगिसकेपछि बच्चालाई चाउचाउ उमाल्न, अम्लेट बनाउन, दुध तातो बनाउन, पाउरोटीमा जाम लगाउन, चिया बनाउन सिकाउन सकिन्छ ।

मोबाइल र ल्यापटपमा अत्यधिक झुम्मिन दिनुहुँदैन । निश्चित समय मात्रै ग्याजेट चलाउन दिनुपर्छ । अत्यधिक समय ग्याजेट चलाउने बच्चामा अल्छीपन बढ्ने, मोटोपन हुने, आँखा दुख्ने, टाउको दुख्नेलगायत समस्या देखिने गरेको छ ।

रुचिअनुसार योग, ध्यान, संगीत तथा नृत्यमा लगाउन सकिन्छ । यसले उनीहरूको व्यक्तित्व विकासमा ठूलो सहयोग पुऱ्याउँछ । रुचिअनुसार फुटबल, क्रिकेट, कराँतेजस्ता खेल खेलाउन पनि सकिन्छ । बच्चालाई आफ्नो निगरानीमा पार्कमा घुमाउन लैजाने तथा उनीहरूसँगै खेल खेल्ने गर्नुपर्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# साउन अर्थात् प्रकृति र शिवको महिमाको महिना



• राममणि सिटौला

साउन महिना बहुत मोहक र मादक हुन्छ । यतिखेर बर्सिएको रिमझिम वर्षामा सर्वत्र उल्लास छाइरहेको हुन्छ, प्रकृतिका जीव, जीवात्मामा आनन्दको बीज फुटिरहेको हुन्छ, झिलिकमिलिक चम्किएको बिजुलीले आकाशको शोभा बढाइरहेको हुन्छ, आकाशमा नीलो चमकदार रङको बादल छाएर सप्तरङ्गी इन्द्रधनुष देखिन थाल्छ, चराचर जगत्मा हरियाली छाइरहेको हुन्छ । धर्तीको यस्तो अपूर्व सौन्दर्य देखेर बादलले प्रेमीको रूप धारण गर्छ । प्रेमरूपी वर्षा गराउन थाल्छ र हाम्रा स्वभावहरू पनि प्रकृतिअनुसार बदलिइरहेका हुन्छन् ।

साउनले हामीभित्रको प्रकृतिलाई पनि झकझकाइरहेको हुन्छ । पूर्वीय वैदिक सभ्यतामा शिव प्रकृतिसँग जोडिएका छन् । जीवनको मूल तत्व भन्नु नै सत्यम्, शिवम्, सुन्दरम् हो । भगवान् शिव प्रकृति स्वरूपा हुन् । चार अक्षरले बनेको भगवान् शब्द आफैँमा प्रकृतिसँग जोडिएको छ जुन 'भग' र 'आन' मिलेर बनेको छ जसको अर्थ हुन्छः ' भ' को अर्थ भूमि, 'ग' को अर्थ गगन, 'व' को अर्थ वायु, 'अ' को अर्थ अग्नि र 'न' को अर्थ नीर(जल)।

मानव शरीर यही पञ्च महाभूतले बनेको छ । यो पञ्च तत्व नै रुद्र हो । जन्मबाट मोक्षसम्म हाम्रा साथमा जे जान्छ, त्यो नै शिव हो जुनबिना प्रकृति छैन, पूजा छैन, जीवन छैन, मृत्यु पनि छैन । देवाधिदेव महादेव हाम्रा आलोक हुन्, भूमण्डल हुन् । अरू देवीदेवताको जन्मकथा प्रचलित छ तर उनी अजन्मा छन् । सृष्टिको रचनापूर्व पनि शिव नै थिए, सृष्टिको समाप्तिमा पनि उनी नै रहनेछन् । उनको अर्धनारीश्वर रूपले प्रस्ट प्रकृति (महिला) र पुरुष दुवै उनै हुन् । वैदिक मान्यताअनुसार उनी अनन्त हुन्, निर्माता हुन्, संहारक हुन्, अँध्यारो हुन्, उज्यालो हुन्, आन्दोलन हुन्, शान्ति हुन् ।

पृथ्वीको सारा शक्ति यहवी पञ्चाक्षरी मन्त्रमा टिकेको छः ॐ नमः शिवायः । ॐ शिवजीको एउटै महामन्त्र हो । ॐ शब्द अ, उ र म मिलेर बनेको छ जसको सम्बन्ध पनि प्रकृतिसँगै छ : अ- आकार अर्थात् मस्तिष्क, उ -उकार अर्थात् उदर र म - मकार अर्थात् मोक्ष ।

हाम्रा सारा क्रियाकलाप त्यही शिवतत्त्वद्वारा निर्धारित हुन्छ । हाम्रा आचरण, व्यवहार, कर्म, भोगाइ सबैमा शिव छन्, लोकका नशानशा प्रवाहित छन् । हाम्रा लोकगाथाहरू सुरु गर्दा एकादश रुद्रको आराधना नगरी सम्पन्न हुन सक्दैन भन्ने तथ्य पूर्व अरुण उपत्यकाको सङ्कलनमा रहेको मारुनी नाच्दा बन्धन बाँधिने शशीका यी गेडाहरूले व्यक्त गर्छन् :

'एकै र मुखे रुद्राक्ष माला हो गला है भिरौँला

सखी गला है भिरौँला

जन्तरै बाँधौँला, मन्तरै बाँधाँला

जुरावन्ती नारी हो सखी शरण '

वैदिक सभ्यताअनुसार साउन शिवको अति प्रिय महिना हो । शिवत्व भनेको तपस्या, ध्यान र चिन्तनको बाटो हो । जब हामी यस बाटालाई अँगाल्छौँ, तब हामीमा शक्ति र ऊर्जा प्राप्त हुन्छ । यसबाट हामी अभय हुन्छौँ । जब हामीभित्र ऊर्जा प्रवाहित हुन्छ, शिव नृत्य गर्न थाल्छन् । प्रकृति आफ्नो रसरागसहित लीला गर्ने हुनाले पनि शिवलाई साउन प्रिय छ । वर्षको चौथो महिनाले हामीभित्रको प्राकृतिक शक्तिलाई बुझ्ने अवसर पनि प्रदान गरिरहेको हुन्छ । तप, ध्यान र चिन्तनद्वारा साउनमा शिवजीसँग गरिने साक्षात्कारले हामीलाई दिव्य प्रकृति र परम तत्व बुझ्ने अवसर प्रदान गर्छ ।

साउनमा महादेवलाई जल चढाइन्छ । पौराणिक कथानुसार समुद्र मन्थन गर्दा कालकूट विष निस्कियो । त्यसले सारा संसारलाई दग्ध गर्न खोजेपछि उनले त्यसलाई आफ्नो गलामा स्थापित गरे । यसरी उनको नाम नीलकण्ठ राखियो । विषको जलन रोक्न सारा देवताले गङ्गाजल चढाए । गङ्गा जलले शङ्करको जलन शान्त भएझैँ साउनले धर्तीको जलन शान्त पार्छ । यसैले पनि साउन र शिवको गहिरो र सम्बन्ध छ ।

साउन महिना शिवको भक्तिको महिना हो । पुराणानुसार यो श्रावण नक्षत्र पूर्णिमामा पर्छ । त्यसैले साउनलाई श्रावण पनि भनिएको हो । हिन्दू पञ्चाङ्गानुसार वर्षको पाँचौँ महिना साउन महिना पर्छ । यसलाई हिन्दू आस्थाको प्रतीक मानिन्छ जुन प्रत्यक्ष रूपमा धार्मिक भावना र आस्थासँग जोडिएको छ । यतिखेर हिन्दू देवीदेवताका मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ । प्रायः यतिखेर शाकाहार भोजन गरिन्छ, व्रत, उपवास गरिन्छ, शिव महिमाको गीत गाइन्छः

'उनै शिवजीको उनै शिवजीको

नागको माला, बाघको छाला

उनै शिवजीको'

हिन्दू धर्ममा सोमबारको सधैँ महत्त्व छ तर साउनको सोमबारको विशेष महत्व छ । यो सोमबार पूर्णतः शिवमा नै समर्पित छ । यतिबेला महिला, पुरुष दुवै व्रत बस्छन्, उपासना गर्छन् । विशेषगरी कुमारीहरू शिवजस्तै वर पाइयोस् भन्ने कामना गर्दै व्रत बस्छन् ।

सोमबारको व्रतबारे लोकमा एक कथा प्रचलित छ : कुनै दिन शिव र पार्वती अमरावती नामक सहरको नजिकबाट जाँदै थिए । दुवै आराम गर्न एउटा मन्दिरमा रोकिए र समय बिताउनलाई खेल खेल्न थाले । खेलका क्रममा पार्वतीले पुजारीलाई कसले जित्छ भनेर भविष्यवाणी गर्न आग्रह गरिन् । पुजारी शिवको भक्त थियो । उसले सोचविचार नगरी आँखा चिम्लिएर शिवले जित्ने ठोकुवा गऱ्यो । पछि पार्वतीले खेल जितिन् । उमाले उसको लापरबाहीका निम्ति कोढी हुनु परोस् भन्ने श्राप दिइन् । पुजारीलाई धेरै समयसम्म कोढी भएर बस्नु पऱ्यो । एक दिन स्वर्गबाट आएका परीहरूले उसलाई सोमबारको व्रत लिने सल्लाह दिए । व्रतपश्चात् ऊ पूर्ण रूपमा स्वस्थ भयो । सो घटनाको बेहोरा टाढाटाढासम्म फैलियो । त्यही दिनदेखि सो व्रतलाई प्रभावशाली मान्न थालियो । यसैले पनि साउनको सोमबारको विशेष महत्त्व छ ।

शिवरात्रि भन्नेबित्तिकै हाम्रो मानसपटलमा फागुनको महाशिवरात्रि आउँछ तर एक वर्षमा बाह्र शिवरात्रि पर्छ । त्यसमध्ये एउटा साउनको शिवरात्रि हो । यो शिवरात्री श्रावण कृष्ण पक्षको चतुर्दशी तिथिमा पर्छ । यस दिनलाई विशेष महत्वको मानिन्छ । यही दिन काँवर यात्रीहरूले बोल बमका नारा घन्काउँदै शिवालयमामा जलले अभिषेक गर्छन् ।

शिव कल्याणकारी हुन् । उनी मात्र एक लोटा जलले पनि प्रसन्न हुन्छन् तर पनि साउनमा महादेवको पूजाको दौरान भक्तजनहरूले बेलपत्रसँगै बेलको फूल पनि चढाउँछन् । भनिन्छ यो फूल शिवको प्रिय फूल हो । यो फूल चढाउनाले पतिपत्नीबीचको सम्बन्ध गाढा हुनाका साथै सन्तान प्राप्तिको आशीर्वाद मिल्छ भन्ने लोकविश्वास छ । यो महिना उनलाई भाङ पनि चढाइन्छ । पुराणको कथानुसार विष पान गरेपछि उनको डाह शान्त पार्ने जडिबुटीमा भाङ पनि सामेल गरिएको थियो । उनको अर्को प्रिय फूल धतुरोको फूल हो । भक्तहरूले प्रायः यो फूल पनि चढाउँछन् ।

महादेवलाई अभिषेक गर्दा काँचो दुध पनि चढाइन्छ । यसलाई शुद्ध र पवित्र मानिन्छ । काँचो दुध चढाउनाले भक्तको मनोकामना पूर्ण हुन्छ भन्ने लोकविश्वास छ । शिवको पूजाका दौरानमा शिवलिङ्गमा मह पनि चढाइन्छ । यसो गर्नाले सबै पाप हट्नाका साथै व्यक्तिलाई मोक्ष प्राप्त हुन्छ भन्ने कथा प्रचलित छ । पूजा गर्दा ज्यादाजसो यस्ता मन्त्र जपिन्छः

'ॐ त्रयम्बकं यजामहे सुगन्धित पुष्टि वर्धनमं ।

उर्वारुकमिव बन्धनाम् मृत्योमुक्षीय मामृतत ।

कर्पुर गौरं करुणावतारं, संसार सारं भुजगेन्द्रहारं

सदा वसतं हृदयारविंदे, भवं भवानीसहितं नमामी ।'

शङ्करको प्रिय साउनमा धार्मिक आस्थासँग जोडिएका ऋषितर्पणी (जनैपूर्णिमा), गाईजात्रा, हरिशयनी एकादशी आदि पनि पर्छन् । यो महिना किसानका निम्ति पनि महत्वपूर्ण मानिन्छ । यतिखेर बर्सिएको वर्षा बालीनालीका निम्ति अमृत समान हुन्छ । ग्रीष्मको भीषण तापले सुकेका ताल, तलाउ, पानीका मुहानमा पनि यतिखेर नवजीवन सञ्चार भइरहेको हुन्छ । यी सबैका पछाडि शिरमा गङ्गा बोकेका शिवले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् भन्ने जनविश्वास छ ।

वास्तवमा साउन प्रकृति, ईश्वरसँग जोडिने र शिवभक्तिका निम्ति उत्तम महिना हो । शिव हाम्रा आदिदेव हुन् । उनको स्मरणले मात्र पनि हाम्रा दुःखहरू टाढा भाग्छन्। ॐ नम शिवायः ।

# निजामती सेवा विधेयकमा चाहिएका सुधार र परिमार्जन



• राजन भट्टराई

मुलुकको प्रशासनिक प्रणाली व्यवस्थित, कार्यात्मक र नतिजामुखी बनाउन निजामती सेवा विधेयक प्रतिनिधि सभा सचिवालयमा दर्ता भएको छ।

लामो समय विवाद र रस्साकस्सीमा परेको यो विधेयक संसद तथा संसदीय समितिले संघीयताका त्रिखुट्टी (राजनीतिक, वित्तीय, प्रशासनिक) आयाममध्ये प्रशासनिक मूल्य र राज्य प्रणालीको संस्थागत धरातलबाट अनुसन्धानात्मक र दीर्घकालीन रणनीतिसहित बहस गरी टुंग्याउनुपर्नेछ।

निजामती सेवाको कानुन व्यवस्थापकीय हो। यसलाई बेतनभोगी कर्मचारीको सेवासर्तका विषयका रूपमा मात्र अर्थ्याउनु हुँदैन। नेपालको विद्यमान निर्वाचन पद्धति र प्रतिनिधित्व प्रणालीका कारण अस्थिर राजनीति चाँडै अन्त्य हुने देखिँदैन। स्थायी चरित्रको प्रशासनिक संयन्त्र निर्माण गरी राज्यव्यवस्था र वितरणको साधकीय कानुनका रूपमा यसलाई लिनुपर्छ।

निजामती कानुनलाई नागरिकसामु सरकारको उपस्थिति जनाउने कर्मचारी वर्गको उन्नयनमा मात्र होइन, संघीयताको वितरण (डेलिभरी) मार्गचित्रमा आबद्ध गर्न जरूरी छ।

प्रस्तुत विधेयकका बाहिरी अवरणमा कर्मचारी व्यवस्थापन र परिचालनको खाका समेटिएको छ तर सारमा यसले मानवपुँजी व्यवस्थापन र परिचालन गर्ने प्रशासनिक संघीयताको मार्गचित्र बोकेको हुनुपर्छ। स्वार्थको र झुन्डको खेलमा तदर्थ हिसाबले कर्मचारीको लाभहानि व्याख्या, विश्लेषण र टिप्पणी हुनु हुँदैन।

आज निजामती सेवाको स्पष्ट मापदण्ड नहुँदा प्रदेश र स्थानीय तहमा बग्रेल्ती ऐँजेरू कानुन पलाएका छन्। संघीय अनुदानभित्र विभिन्न सेवा, समूह, उपसमूहका अन्धपथ (डार्क-होल) राखिएका छन्। कुनै अध्ययन भएको छैन, औचित्य पुष्टि गरिएको छैन।

संवैधानिक कार्यसूची कार्यान्वयन गर्दा राजनीतिक र प्रशासनिक नेतृत्वले नागरिकसामु औचित्य र उपादेयता पुष्टि गर्न सक्नुपर्छ। सीमित वर्गको लाभ र स्वार्थको खेलमा कानुन कपी-पेस्ट गरेर कर्मचारीको संख्या थपेर संघीयता सबल हुँदैन। संविधानको साझा अधिकार सूची कार्यान्वयन गर्न बनेका यस्ता कानुनमा न वित्तीय विश्लेषणको दीर्घकालीन जबाफ छ, न उत्तरविधायिकी परीक्षण गर्ने ल्याकत छ। विधायिकी मनासायको प्रकट वा अभिलेखांकन छैन, अध्ययन अनुसन्धानको दस्तावेज पनि छैन।

यसले नागरिकको सेवा, कल्याण, जनसांख्यिकी र भौगोलिक अनुपातको बेवास्ता गरेको छ। नागरिकले तिरेको कर उडाउने सेतो हात्ती र भिडतन्त्र (मोबोक्रेसी) को झुन्ड बढेको छ।

आयरलेन्डकी उपन्यासकार लेडी मोर्गनले आयरल्यान्डलाई ब्यूरोमेनियाको भिडबाट मुक्त गर्न आह्वान गरेजस्तै राजनीतिको लुटतन्त्र र प्रशासनिक भिडतन्त्रबाट प्रदेशलाई मुक्त गर्नुपर्ने भएको छ। प्रदेश र स्थानीय तहमा कानुनको जंगल, समानान्तर संरचना, लाभ र सुविधा, स्तर वृद्धि र बढुवा, कार्यालय र दरबन्दीको होडबाजी चलेको छ। दायित्व र व्ययभार बढाएको छ। आफ्नो राजस्व र आम्दानीले धान्ने, टिक्ने र चल्नेभन्दा पनि संघबाट अनुदानको कोहोलो हाल्ने स्वर मुखरित छ। दीर्घकालीन प्रभाव र उपादेयताबिनाका लहडी र स्वार्थी खेल संघीय निजामती सेवा कानुनले तत्काल रोक्नुपर्छ।

नेपालको राजनीतिक प्रणालीले अस्थिरता सिर्जना गर्दै नागरिकमा 'डीप फ्रस्ट्रेसन' बढाएको छ। राज्यप्रति नागरिकको अविश्वास, अनास्था र वितृष्णा बढ्दो छ। 'राजनीतिमा एउटा व्यवस्था समाप्तिपछि अर्को व्यवस्था सिर्जना हुन्छ तर प्रशासनिक मूल्य समाप्त भएमा राज्य ध्वंश हुन्छ' भन्ने धारणा सन् २०१२ मा प्रकाशित अरेन्ड लिजफार्टको 'प्याटर्न अफ डेमोक्रेसी' कृतिमा उल्लेख छ।

विद्वान अरेन्ड लिजफार्टको विश्लेषण छ - लोकतन्त्रमा शासकहरू नागरिकबाट नियन्त्रित रहेको नाटक गर्छन्। दया र नम्रताको अभिनय गर्छन्। व्यवस्था जुनसुकै भए पनि शासकहरू उन्मादी र स्वेच्छाचारी हुन्छन्। अहंकार, प्रतिशोध र अराजकता प्रस्तुत गर्छन्।

नेपालको अस्थिर राजनीतिमा प्रशासनिक मूल्य प्रणाली सुदृढ बनाउने गरी निजामती सेवा कानुन बन्नुपर्छ। राज्यको 'पोलिसी डिपार्चर' हुँदै 'डेलिभरी विङ्स' तथा 'फ्रन्ट लाइन' मा क्रियाशील जनशक्तिको व्यवस्थापन गर्नुपर्छ।

हाल प्रतिनिधि सभामा रहेको विधेयकका निम्न पक्षहरूमा सुधार र परिमार्जन गर्न सकिन्छ।

## संवैधानिक मार्गचित्र

नेपालको संविधानको धारा २८५ र ३०२ ले निजामती सेवाको गठन तथा सञ्चालनको आधार दिएका छन्। यो विधेयक धारा २८५ बाट निर्देशित हुनुपर्छ।

राज्यको मियोका हुने संघीय निजामती सेवा ऐन तीन तहका सरकारको मार्गदर्शक र 'अभिभावक कानुन' हुनुपर्छ। संघीय ऐनले तीनै तहका कार्यात्मक सरकार र निजामती कर्मचारीको चासोका विषयहरू सम्बोधन गर्नुपर्छ।

स्थायी सरकारसम्बन्धी कानुनले राज्यका अन्य संयन्त्रलाई पनि स्थायी र गतिशील बनाउँदै नागरिकसामु सरकारको अनुभूति दिन सक्नुपर्छ।

सार्वजनिक सेवामा सरिक कर्मचारीकै सक्रियताबाट देशको प्रतिष्ठा बढ्छ र सार्वभौमिक निरन्तरता कायम रहन्छ भन्ने तथ्य बोध हुन आवश्यक छ।

## राजनीतिको हस्तक्षेप र सुरक्षा

राजनीति र प्रशासन एकअर्काको चासोका सम्बन्धमा आपसमा जानकार हुनुपर्छ तर प्रशासनमा राजनीतिको हस्तक्षेप र राजनीतिमा प्रशासनको हस्तक्षेप दुवै स्वीकार्य हुँदैन। कामको परिणाम, खर्च र नागरिक सेवाप्रति सरकार र प्रशासन दुवै समान रूपमा उत्तरदायी हुने व्यवस्था रहनुपर्छ।

पूर्वअर्थमन्त्री तथा गभर्नर डा. भेषबहादुर थापाले 'राष्ट्र परराष्ट्र' किताबमा भनेका छन् - राजा महेन्द्रले सिंहनाद (सिंहदरबार) र राजा वीरेन्द्रले हवाइट हाउस शैलीमा दरबारबाट शासन चलाएका थिए। हालका गणतन्त्रीय शासकले 'बालुवाटार' बाट राजकाज चलाएका छन्। राजनीतिको 'नार्सिसिजम' ले निर्देशन, लोभ, तोक र दबाबमा प्रशासनलाई लुब्धो र जुम्सो बनाई हुर्मत लिन उद्यत छ। प्रशासनिक नेतृत्व विज्ञता र दक्षताको अभावमा व्यावसायिकता क्षयीकरण (सेल्फ डिक्लाइन) भएको छ।

उनले अमेरिकी प्रशासनका ज्ञाता तथा राजनेता विड्रो विल्सनलाई पनि उद्धृत गरेका छन् - प्रशासनिक प्रश्नहरू राजनीतिक प्रश्नहरू होइनन्, राजनीतिले प्रशासनको गन्तव्य तय गर्छ तर राजनीति प्रशासनका लागि परपीडक बन्नु हुँदैन।

राजनेता विड्रो विल्सनको अध्ययन विश्लेषण नै विश्वभर सार्वजनिक प्रशासनको अध्ययनशास्त्र बनेको छ। व्यवहारमा भने राज्यका जस र लाभ (डेमोक्रसी डिभेन्ट) राजनीतिले लिने र अपजस र अपमान कर्मचारीले भोग्ने शृंखला नेपालमा इतिहासदेखि यथावत् छ।

कर्मचारी हुँदा जेल बस्नुपरेपछि आदिकवि भानुभक्त आचार्यले विरक्त भएर 'जेल बसाइ र इन्साफ' लेखमा भनेका थिए - हाम्रा शाखासन्तान जागिरे हुन नपरोस्।

नेपालको राजनीति अस्थिर र मार्गचित्र बिनाको भूमरीमा छ। प्रशासनिक धरोहर र स्थापित मूल्यमाथि चारैतिरबाट प्रहार भएको छ। राजनीतिक दबाब र स्वार्थमा प्रशासनिक नेतृत्वले निर्णय गर्नुपर्ने तर भागीदार कर्मचारी मात्र बन्ने 'बली प्रथा' चलेको छ।

संघीय निजामती कानुनले यो प्रथा अन्त्य गरेर कर्मचारीको सुरक्षा गर्नुपर्छ। राजनीतिको स्वेच्छाचारितालाई उन्मुक्ति दिने र कर्मचारी डाम्ने प्रथा अन्त्य गर्नुपर्छ।

## मौजुदा व्यवस्थामा पुनर्बोध र परिमार्जन

नेपालमा प्रशासनिक संघीयकरणको प्रस्थानबिन्दु संघीय निजामती कानुन नै हुनेछ। यसले विद्यमान निजामती सेवाभित्र सुधार र परिमार्जनको खाका कोर्नुपर्छ। राज्य प्रणालीका अन्य सेवा र निजी क्षेत्रलाई पनि स्पष्ट अकार दिनुपर्छ।

विधेयकमा कर्मचारीलाई श्रेणी प्रणालीबाट तहगत प्रणालीमा लैजाने प्रस्ताव छ। संघीय निजामती सेवाअन्तर्गत नेपाल आर्थिक योजना तथा तथ्यांक, इञ्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखा परीक्षण, वन, शिक्षा, सूचना प्रविधि र विविध गरी ११ वटा सेवा विशिष्टीकरण गरिएको छ। तेह्रौं तहसम्म

❖ बाँकी तेस्रो पृष्ठमा

## निजामती...

सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि ६ वटा सेवा रहने गरी समूहीकरण गरिएको छ।

साथै, संघीय निजामती कर्मचारीका विभिन्न श्रेणी र तहको व्यवस्था गरिएको छ। राजपत्रांकित सेवाभित्र छैटौंदेखि विशिष्ट अधिकृत चौधौंसम्म वृत्ति विकास हुने भऱ्याङको खाका छ। यसले वृत्ति विकासको दायरा फराकिलो पारेर कर्मचारीको उत्प्रेरणा र मनोबल बढाउन सक्नेछ।

सचिव पदमा बढुवाका लागि बनाइएको क्लस्टर प्रणाली कार्यालय सहयोगीदेखि नै कार्यान्वयन गर्ने गरी कानुनमै मन्त्रालयको नाम र संख्या निश्चित गर्नुपर्छ। यसो भएपछि कर्मचारीको नियुक्ति, पदस्थापन, सरूवा, बढुवा सबै मन्त्रालयगत आधारमा गर्न सकिन्छ।

विधेयकमा संघीय निजामती सेवाको रिक्त पदमा खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता र बढुवाद्वारा पूर्ति गर्ने तथा बढुवालाई अन्तर-आबद्धताबाट सेवा क्षेत्र फराकिलो बनाउने प्रस्ताव छ।

नेपालीको औसत आयु बढेका कारण अवकासको उमेरहद ६० वर्ष प्रस्ताव गरिएको छ। यससँगै सेवा प्रवेशको उमेरहद घटाएर नवरक्त सञ्चार (न्यु ब्लड) का लागि ३० वर्षमा झार्नुपर्ने देखिएको छ।

योग्यता प्रणाली र समावेशी चरित्र मिलान

योग्यता प्रणाली नै निजामती सेवाको नश्ल हो। समावेशी चरित्र मुलुकको विशिष्टता हो। नेपालको राज्य संरचना र स्वरूप बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुक्षेत्रीय र बहुसांस्कृतिक छ।

समावेशिता कुन बिन्दुसम्म लैजाने हो, राज्यका नीति र कानुन स्पष्ट हुनुपर्छ। सर्वोच्च अदालतले 'एकपटक आरक्षणको कोटाबाट सुविधा दिएको अवस्थामा हरेकपटक त्यही सुविधा दाबी गर्नु संविधानसम्मत नहुने' व्याख्या गरेको छ।

नेपालको संविधानले अंगीकार गरेका समानता, समान संरक्षण, विभेदहीनता, सकारात्मक विभेद र समावेशिता सम्बन्धी प्रारूप, मूल तत्त्व र आधार स्पष्ट हुन आवश्यक छ। अदालतले 'समावेशिताका नाममा योग्यता बेवास्ता गर्न उचित हुँदैन' भनेको छ। योग्यताको क्षेत्राधिकार खुम्चाएर आरक्षणको प्रतिशत बढाउनुको पुष्ट्याइँसहित व्याख्या हुनुपर्छ।

विधेयकमा खुला प्रतियोगिताका ४९ प्रतिशत पद शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र र बाँकी ५० प्रतिशतमा अन्य समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराउने प्रस्ताव छ। महिला समूहभित्र पनि खसआर्यलाई २७ प्रतिशत, आदिवासी जनजातिलाई २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२.७ प्रतिशत, थारू ६.६ प्रतिशत, मुस्लिम ४ प्रतिशत, पिछडिएको क्षेत्र ४ प्रतिशत र अपांगता भएका व्यक्ति ४ प्रतिशत आरक्षणको प्रस्ताव छ।

मानव विकास सूचकांक, भूगोल, जनसंख्या, विपन्नता प्रतिशत निर्धारणको मानकसूत्र हुनुपर्छ। प्रतिभा पलायन (ब्रेन ड्रेन) बेहोरेको विकासशील मुलुक नेपालले खुला बजार, प्रतिस्पर्धा र योग्यतामा संकुचन हुने गरी कानुन तर्जुमा गर्नु हुँदैन।

पेसागत ट्रेड युनियन

विश्वका धेरै मुलुकको अभ्यास हेर्दा पुँजी र श्रम हुने ठाउँमा मात्र ट्रेड युनियन छन्। नेपालमा संविधान, श्रमसम्बन्धी आइएलओ महासन्धि १९३०, संगठन स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको संरक्षणसम्बन्धी महासन्धि, १९४८ मानवअधिकार सम्बन्धी महासन्धिजस्ता राष्ट्रिय वा अन्तर्राष्ट्रिय दस्तावेजले वकालत गरेका विषय नीति र कानुनले समेटेका छैनन्।

कर्मचारीको सेवासुविधा र सुरक्षाको विषयमा पेसागत भूमिकाका लागि संघ, प्रदेश र स्थानीय तहको एकीकृत स्वरूपको ट्रेड युनियन रहने व्यवस्था गर्नुपर्छ।

हाल कर्मचारीका ट्रेड युनियनहरू दलीय आधारमा क्रियाशील छन्। प्रशासनमा कुन तहसम्म ट्रेड युनियन बनाउन दिने र के भूमिका दिने भन्नेमा दलहरू स्पष्ट हुन सकेका छैनन्। अहिलेजस्तो नियुक्ति, सरूवा, बढुवा र पुरस्कारमा समेत ट्रेड युनियनहरूले सरकारसँग बार्गेनिङ गर्ने कृत्य कानुनले अन्त्य गर्नुपर्छ।

कर्मचारीको पेसागत सुरक्षा र पेसागत सक्षमता अभिवृद्धिमा ट्रेड युनियनको रचनात्मक भूमिका हुने व्यवस्था गर्नुपर्छ। ट्रेड युनियनमा आबद्ध भएर राजनीतिक दलको सदस्य हुन नपाउने, कार्यालयमा आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने र कर्मचारी प्रशासनको मर्यादाअनुरूप अनुशासन पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्छ।

**अन्तरआबद्धता र एकीकृत प्रारूप**

संघीय निजामती सेवासम्बन्धी विधेयकले संघ, प्रदेश र स्थानीय तहमा काम गर्ने सबै कर्मचारी निजामती कर्मचारी हुन् भन्ने सुनिश्चित गर्नुपर्छ।

ती सबै कर्मचारीको सेवाका आधारभूत सर्तहरू (सेवा प्रवेशको उमेर, अवकाश उमेर, बढुवाका प्रावधान, उपदान, निवृत्तिभरणका प्रावधान) समान हुने व्यवस्था गर्नुपर्छ।

संविधानमै प्रदेशको जन्म त्रुटिपूर्ण (डिजाइन डिफिसेट) छ। स्थानीय तहमा अनियन्त्रण एवं स्वेच्छाचारिता हाबी छ। यस्तो अवस्थामा राष्ट्रिय तन्तु जोड्ने र एकाकार गर्ने जिम्मेवारी संघकै हुनुपर्छ। प्रमुख जिल्ला अधिकारी, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सरकारको प्रमुख सचिव संघीय निजामती सेवाको कर्मचारी रहनुपर्छ। प्रस्तुत विधेयकमा प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको हुने व्यवस्था छ।

विधेयकमा ऐन लागू भएको १० वर्षसम्म स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती प्रशासन सेवाको हुने भनिएको छ। यसो होइन, उपराज्य तह (प्रदेश र स्थानीय) सम्म जोड्ने कडीका पद निरन्तर रूपमा संघकै हुनुपर्छ।

विश्वमै पूर्ण संघीयकरण र विकेन्द्रीकरणको शासन विधिशास्त्रमा मात्र हुन्छ, व्यवहारमा हुँदैन। संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक प्रशासनबीच सहयोग, समन्वय र सहकार्य भएन भने प्रशासन कठिन हुन्छ।

यसकारण प्रदेशको प्रमुख सचिव र मन्त्रालयका सचिव तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू संघीय निजामती सेवाबाटै खटिइजाने हालको व्यवस्था कायम राख्नुपर्छ।

**वृत्ति विकासको गतिशीलता**

कर्मचारीको सेवा र पद जुन सेवाबाट सुरू भयो, त्यसैमा समाप्त हुने हुनु हुँदैन। कानुनले प्रदेशभित्र कर्मचारीको वृत्तिविकास फराकिलो बनाउन प्रदेश सरकारका कार्यालय र स्थानीय निकायहरूबीच सरूवा-बढुवा हुनसक्ने प्रावधान र व्यवस्थापनको मार्गदर्शन गर्नुपर्छ।

रिक्त पद पूर्ति गर्दा संघ, प्रदेश र स्थानीय तहको कर्मचारीको गतिशीलता सुनिश्चित गर्न निश्चित प्रतिशतमा आन्तरिक सेवा रहनुपर्छ। कर्मचारी प्रशासन सुधारका लागि सरूवा र बढुवा सूचकसहित अनुमानयोग्य बनाउने व्यवस्था कानुनी रूपमै बाध्यकारी बनाउनुपर्छ।

भारतमा नियुक्तिपछिको पोस्टिङ कुन ठाउँमा हुन्छ र सरूवा कहाँ हुन्छ भन्ने अनुमान गर्न सकिने व्यवस्था छ। यसबाट पनि सिक्न सकिन्छ।

विधेयकमा नयाँ नियुक्तिपछि पहिला दुर्गममा पठाउने, त्यसको अनुभवपछि सुगममा ल्याउने र सुगमको अनुभवपछि नीति निर्माणमा लैजाने व्यवस्था अनुमानयोग्य बनाउनुपर्छ। बढुवामा पाँच वर्ष अवधिसँगै कार्यसम्पादन र कार्यशैली उत्कृष्टता पनि मूल्यांकन हुनुपर्छ। कर्मचारीलाई छात्रवृत्ति, तक्मा र विभूषण दिने प्रक्रिया वस्तुगत र पारदर्शी हुनुपर्छ। यसमा नयाँ कानुनले स्पष्ट प्रावधान राख्नुपर्छ।

संरचना र दरबन्दी सिर्जनामा एकरूपता

विधेयकले संघमा मात्र होइन, जथाभावी व्ययभार सिर्जना गरेका प्रदेश र स्थानीय तहका संरचना र दरबन्दी नियन्त्रण गर्नुपर्छ। प्रदेश र स्थानीय तहको संगठन संरचना र दरबन्दी सिर्जनाका लागि बाध्यकारी राष्ट्रिय मापदण्ड हुनुपर्छ। प्रदेश र स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम सर्भे) बनाएर आफूखुसी दरबन्दी सिर्जना गर्ने, कर्मचारी भर्ना गर्ने र व्ययभार थप्ने काम बन्द गर्नुपर्छ।

कार्यविस्तृतीकरण प्रतिवेदन, २०६३ ले संघका ८७३, प्रदेशका ५६७ र स्थानीय तहका ३५५ गरी जम्मा १७९५ कार्यको विस्तृत बाँडफाँट गरेको छ। उपराज्य (प्रदेश र स्थानीय तह) मा ६० प्रतिशत कार्यक्षेत्र तथा अधिकार हस्तान्तरण हुँदा कहाँ कति दरबन्दी कर्मचारी चाहिन्छ भन्ने अध्ययन भएको छैन।

अहिले संघीय निजामती सेवा विधेयक प्रतिनिधिसभामा पुग्दा पनि जनशक्ति प्रक्षेपण भएको छैन। संघमा नीतिनिर्माण, राष्ट्रियस्तरका मापदण्ड निर्धारण र अन्तर ाष्ट्रिय सम्बन्ध स्थापित गर्न दक्ष कर्मचारी चाहिन्छ।

प्रदेशको काम समन्वयकारी मात्र भएकाले थोरै कर्मचारी भए पुग्छ। स्थानीय सरकारको जिम्मेवारी अनुसार काम धेरै हुने भएकोले सोहीअनुसार संरचना र दरबन्दीमा एकरूपता हुनुपर्छ। संघीय निजामती सेवा ऐन सरकारको दीर्घकालीन प्रशासनिक नीति हो। यसमा बृहत्तर, दूरगामी र परिणाममुखी दृष्टिकोण चाहिन्छ।

संविधानले निर्धारण गरेको संघीयता र लोकतन्त्रको राष्ट्रिय फ्रेमवर्कभित्र सक्षम, उत्प्रेरित र उत्तरदायी सार्वजनिक प्रशासन चाहिन्छ। अब आउने ऐन प्रशासनिक संघीयताको 'माइलस्टोन' बन्नुपर्छ।

# अपराधका घटना बढ्दै

झापा(प्रस) । बर्सेनि अपराधका घटनामा वृद्धि हुँदै गइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ । नेपाल प्रहरीले उपलब्ध गराएको पछिल्लो चार आर्थिक वर्षका तथ्याङ्कले अपराधको संख्या बर्सेनि बढ्दै गएको पुष्टि गर्छ ।

आर्थिक वर्ष २०७७/७८ मा देशभर विभिन्न प्रकृतिका ४० हजार एक सय २० आपराधिक घटनाको मुद्दा दर्ता भएकामा गत आव २०८०/८१ सम्म आइपुग्दा त्यो संख्या बढेर ५९ हजार दुई सय तीन पुगेको छ । आव २०७८/७९ मा ४६ हजार नौ सय दुई र आव २०७९/८० मा ५६ हजार तीन सय २३ मुद्दा प्रहरीमा दर्ता भएका छन् ।

अघिल्लो आवको तुलनामा गत आवमा पाँच दशमलव ११ प्रतिशतले मुद्दा दर्ता वृद्धि भएको छ । गत वर्ष सबैभन्दा बढी काठमाडौँ उपत्यकामा १७ हजार ४५ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

पछिल्लो समय सबैभन्दा धेरै आर्थिक अपराध देखिएको छ । चेक अनादरको मुद्दा बढी मात्रामा दर्ता भएका छन् । काठमाडौँ उपत्यकामा आर्थिक गतिविधि केन्द्रित हुँदा आर्थिक अपराधको घटना बढेको प्रहरीको भनाइ छ । मधेसमा नौ हजार छ सय २०, कोशीमा नौ हजार तीन सय ७८, लुम्बिनीमा सात हजार छ सय ४४, बागमतीमा पाँच हजार एक सय ९७, गण्डकीमा चार हजार छ सय ९८, सुदूरपश्चिममा तीन हजार छ सय एक र कर्णालीमा दुई हजार २० वटा आपराधिक घटनाको मुद्दा दर्ता भएका छन् ।गत वर्ष सबैभन्दा बढी १३ हजार दुई सय ६३ बैङ्किङ कसुरसम्बन्धी मुद्दा दर्ता भएका प्रहरीको तथ्याङ्क छ । सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता सम्बन्धी १० हजार सात सय ५६, आत्महत्या सात हजार एक सय ९४, लागूऔषध चार हजार तीन सय ९८, चोरी तीन हजार सात सय ५८, जबरजस्ती करणी दुई हजार पाँच सय सात, ठगी एक हजार आठ सय ७४, सवारी ज्यान एक हजार सात सय ७५ र ज्यान मार्ने उद्योग सम्बन्धी एक हजार १९ वटा मुद्दा दर्ता भएका छन् ।



प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्की भूमण्डलीकरणले ल्याएको परिवर्तन, प्रविधि विकास तथा आर्थिक गतिविधि अत्यन्त चलायमान भएका कारण परम्परागत प्रकृतिका अपराधका तुलनामा आर्थिक र साइबर अपराधका घटना बढेका बताउँछन् ।"परम्परागत प्रकृतिका अपराध खासै बढेका छैनन्, विगतमा आर्थिक कारणले अन्य अपराध हुन्थे, अहिले त्यसको स्वरूप बदलिएको छ, आर्थिक नै अपराधका रूपमा वृद्धि भएका छन्", प्रहरी प्रधान कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले भने , "आर्थिक अपराध गाउँमा छैनन्, जहाँ आर्थिक गतिविधि बढी हुन्छन्, त्यहाँ आर्थिक अपराधका मुद्दा बढी दर्ता भएका छन् ।"

पछिल्लो समय प्रविधिको विकाससँगै अपराधको स्वरूप पनि बदलिएको उनको भनाइ छ । प्रवक्ता कार्कीले नेपाल प्रहरी अपराधका घटना न्यूनीकरण गर्न र अपराधीलाई कानुनी दायरामा ल्याउन निरन्तर क्रियाशील रहेको बताए । "समुदाय-प्रहरी साझेदारीअन्तर्गत साइबर सुरक्षा तथा सडक दुर्घटना र आत्महत्या न्यूनीकरणलगायतका घटना हुन नदिन प्रयास थालिएको छ", उनले भने ।


## पूर्वराज्यमन्त्रीको हत्या प्रकरण
# पाहुना आएकाहरू शंकाको घेरामा

झापा(प्रस) । धान रोपाइँ गराउन सर्लाहीको चन्द्रनगर गाउँपालिका वडा नं. १ पुगेका पूर्व भूमिसुधार राज्यमन्त्री रामचन्द्र रायको आइतबार राति हत्या भएको छ।मलंगवा नगरपालिका वडा नं. ४ का ८० वर्षीय रायको उखु काट्ने धारिलो हतियारले हत्या गरिएको हो । ३ जनाको समूहमा आएका अज्ञात व्यक्तिहरूले रायको हत्या गरेका हुन्। रायको करिब साढे ११ बजे राति हत्या भएको प्रहरीको अनुमान छ। राय उक्त घरमा सहयोगी रामउजैन रायको साथमा बस्दै आएका थिए। गाउँमा भोज खाएर घर फर्केका रायलाई भेट्न करिब ८ बजे ३ जना आएको उनका सहयोगीले बताएका छन्। उनीहरू कुरा गर्न थालेपछि आफू सुत्न छतमा गएको सहयोगीको भनाइ छ। 'शौच गर्नका लागि करिब १२ बजे छतबाट तल आउँदा राय सुत्ने कोठा खुला देखेँ। टर्च बालेर हेर्दा रगतले लतपत भएको अवस्थामा रायलाई देखेपछि स्थानीयबासी र परिवारजनलाई फोन गरेर सहयोग मागे,' सहयोगीले भनेका छन्। रायको टाउकोको बायाँ भागमा हतियार प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक दिपक श्रेष्ठले जानकारी दिए। उनका सहयोगीसँग जिल्ला प्रहरी कार्यालय मलंगवामा सोधपुछ भइरहेको छ। घटनाको सूक्ष्म तरिकाले अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए। हत्या गर्न प्रयोग गरिएको हतियार घरभन्दा केही मिटर पर बाँसको झाङमा फेला परेको प्रहरीले जनाएको छ। तालिमप्राप्त कुकुर ल्याएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। हत्या के कारणले भएको हो खुल्न सकेको छैन।

राय करिब एक हप्तादेखि निरन्तररूपमा त्यहाँ धान रोपाइँ गराउनका लागि बस्दै आएको परिवारका एक सदस्यले बताएका छन्। आइतबार रोपाइँको पैसा तिर्नका लागि पैसा लिन उनी मलंगवा गएका थिए। साँझसम्म मलंगवामै बसेका राय बेलुकीपख रतनपुर गएका थिए। राय २०५४ सालमा सूर्यबहादुर थापाको प्रधानमन्त्रीकालमा भूमिसुधार राज्यमन्त्री बनेका थिए। रायका श्रीमती, २ छोरा र ५ छोरी छन्। उनको शव प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ।

# चोरीको मोटरसाइकलसहित दनुवार पक्राउ

झापा(प्रस) । झापाको अर्जुनधारा नगरपालिका-४ का २६ बर्षीय अमिर दनुवार चोरीको मोटरसाइकलसहित पक्राउ परेका छन् ।



असार ४ गते अर्जुनधारा-४ भाङबारीमा पार्किङ गरी राखेको मे.७ प ८३०९ नम्बरको मोटरसाइकल चोरी भएको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा दनुवारको घरबाट उक्त नम्बरको मोटरसाइकल फेला पारेको हो । चोरीको मोटरसाइकलसहित आइतवार पक्राउ परेका दनुवारको बारेमा इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भइरहेको डीएसपी प्रकाश विष्टले बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४२००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने